# चन्द्रनगर गाउँपालिका

---

# स्थानीय राजपत्र

---

**(खण्ड : ९) चन्द्रनगर फाल्गुण २५ गते, २०८२ साल (संख्या : ८)**

---

## भाग : २

## चन्द्रनगर गाउँपालिका

चन्द्रनगर गाउँपालिकाबाट गरिने कार्यलाई व्यवस्थित गर्न नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी चन्द्रनगर.गाउँकार्यपालिकाले मिति २०८२/११/२५ को निर्णयानुसार देहायका कार्यविधिहरु स्वीकृत गरि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**<u>२०८२ सालको कार्यविधि नं. ८</u>**

# चन्द्रनगर गाउँपालिका दलित तथा मुस्लिम छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८२

स्वीकृत मितिः २०८२/११/२५

## प्रस्तावना :

चन्दनगर गाउँपालिका अन्तर्गतका दलित र मुसलिम विद्यार्थीहरु प्रविणता, स्नातक र स्नातकोत्तर अध्ययन गरेको अवस्था न्युन छ । यस पालिका क्षेत्र भित्र स्थायी बसोवास गर्ने दलित तथा मुस्लिम समुदायका विद्यार्थीहरू विभिन्न विषयमा प्रविणता प्रमाण पत्र तह, स्नातक तह वा सो सरह र स्नातकोत्तर तह वा सो सरहको अध्ययनमा गुणस्तरिय पहुँचका लागि छात्रवृति अनुदान कार्यलाई व्यवस्थित, पारदर्शी बनाउन आवश्यक भएकोले नेपालको संविधानको अनुसूची ८ को तथा स्थानीय सरकार रञ्चालन ऐन, २०७४ को दफा ११ ज. (१६) मा रहेको नि:शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्य क्षेत्रलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालयबाट सबैको जानकारीको लागि यो कार्यविधि जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम चन्द्रनगर गाउँपालिका दलित तथा मुस्लिम छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

१.२ कार्यविधि कार्यापालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा :

२.१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'कार्यालय' भन्नाले चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालय सम्झिनु पर्दछ ।

(ख) 'कार्यविधि' भन्नाले चन्द्रनगर गाउँपालिका दलित तथा मुस्लिम छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८२ सम्झिनु पर्दछ ।

ग) 'दलित तथा मुस्लिम' भन्नाले यस चन्द्रनगर गाउँपालिका अन्तर्गत स्थायी बसोवास गरिरहेको दलित र मुस्लिम समुदायलाई सम्झिनु पर्दछ ।

घ) 'दलित तथा मुस्लिम विद्यार्थीलाई छात्रवृत्ति' भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गरिने प्रोत्साहन अनुदान रकम सम्झिनु पर्दछ ।

ङ) 'कार्यपालिका' भन्नाले चन्द्रनगर गाउँ कार्यपालिकालाई सम्झिनु पर्दछ ।

३. दलित तथा मुस्लिम विद्यार्थीलाई छात्रवृत्तिं व्यवस्थापन तथा वितरण समिति :

३.१ छात्रवृत्तिं व्यवस्थापन तथा वितरण गर्न देहाय बमोजिमको एक समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ग) प्रशासन शाखा -सदस्य
(घ) लेखा शाखा -सदस्य
(ङ) शिक्षा शाखा -सदस्य

४. छात्रवृत्तिं व्यवस्थापन तथा वितरण समितिको काम कर्तव्य र अधिकार :

४.१ छात्रवृत्तिं व्यवस्थापन तथा वितरण समितिको देहाय बमोजिमका काम कर्तव्य र अधिकारहरू हुनेछ ।

(क) छात्रवृत्तिंका लागि आवश्यक रकम व्यवस्थापन गर्ने/गराउने ।

(घ) छात्रवृत्तिं अनुदान प्राप्त गर्न योग्य विद्यार्थी छनौट गर्ने ।

(ङ) सम्बन्धित विद्यार्थीको खातामा प्रोत्साहन तथा छात्रवृत्ति अनुदान रकम निकासाका लागि सिफारिस गर्ने ।

५ छात्रवृत्तिं तथा प्रोत्साहनमा विद्यार्थीको छनौट गर्ने प्रक्रिया :

५.१ छात्रवृत्तिं तथा प्रोत्साहनका लागि देहाय बमोजिमको प्रक्रिया अपनाइनेछ :

(क) गाउँपालिकाले छात्रवृत्तिं तथा प्रोत्साहन सम्बन्धी सूचना प्रकाशन गर्नेछ ।

(ख) छात्रवृत्तिं तथा प्रोत्साहनका लागि अनुसूची (१) बमोजिमको ढाँचामा आवेदन पेशगर्नु पर्नेछ ।

(ग) आवेदकले निम्न कागजातहरू निवेदनका साथमा अनिवार्य संलग्न राखी पेश गर्नु पर्नेछ ।

(अ) नागरिकता वा जन्मदर्ता प्रमाणपत्र स्वयंबाट प्रमाणित प्रतिलिपि ।

(आ) सम्बन्धित शैक्षिक संस्थाबाट अध्ययन गरिरहेको प्रमाणित भएको सिफरिस पत्र ।

(इ) आवेदक विद्यार्थी यस गाउँपालिकाको स्थायी बासिन्दा प्रमाणित भएको सम्बन्धित वडाको सिफारिस पत्र ।

(ई) चालु शैक्षिक सत्रमा अध्ययनका लागि शुल्क तिरेको रसिद, विल तथा भौचर ।

(उ) छात्रवृत्तिं तथा प्रोत्साहन अनुदानका लागि माग गरेको तहको भन्दा तल्लो तहका सम्पूर्ण शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।

६. दलित तथा मुस्लिम विद्यार्थीलाई छात्रवृत्ति/प्रोत्साहन अनुदान रकम देहाय बमोजिम उपलब्ध गराईनेछ ।

| क्र.स | तह | इकाई | छात्रवृत्ति पाउने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा ६-८ | प्रति वर्ष एक पटक | रु ३,०००/- | |
| २ | मध्यमिक तह कक्षा ९-१० | प्रति वर्ष एक पटक | रु ४,०००/- | |
| ३ | प्रविणता प्रमाण पत्र | प्रति वर्ष एक पटक | रु १०,०००/- | |
| ४ | स्नातक | प्रति वर्ष एक पटक | रु १२,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| ५ | स्नातकोत्तर | प्रति वर्ष एक पटक | रु १५,०००/- | |
| ६ | एम.बि.बि.एस., ईन्जिनियरिङ्ग | प्रति वर्ष एक पटक | रु ५०,०००/- | |
| ७ | प्रविधिक डिप्लोमा | प्रति वर्ष एक पटक | रु १२,०००/- | |
| ८ | पि.एच.डि. | प्रति वर्ष एक पटक | रु ५०,०००/- | |

७. भुक्तानी :

७.१. छात्रवृत्तिं तथा प्रोत्साहन अनुदान भुक्तानीका लागि देहायका कागजातहरूको आधारमा उपलब्ध गराइनेछ :

(क) नागरिकता वा जन्मदर्ता प्रमाणपत्र स्वयंबाट प्रमाणित प्रतिलिपि ।

(ख) सम्बन्धित शैक्षिक संस्थाबाट अध्ययन गरिरहेको प्रमाणित भएको सिफरिस पत्र ।

(ग) आवेदक विद्यार्थी यस गाउँपालिकाको स्थायी बासिन्दा प्रमाणित भएको सम्बन्धित वडाको सिफारिस पत्र ।

(घ) चालु शैक्षिक सत्रमा अध्ययनका लागि शुल्क तिरेको रसिद तथा स्टेशनरी,पाठ्य सामग्री खरिद गरेको विल वा भौचर ।

(ङ) छात्रवृत्तिं तथा प्रोत्साहन अनुदानका लागि माग गरेको तहको भन्दा तल्लो तह उतिर्ण गरेको सम्पूर्ण शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।

८. खारेजी र बचाउ :

१. यस कार्यविधिलाई कार्यपालिकाबाट खारेज गर्न सकिनेछ ।

२.हालसम्म भुक्तानी भएका सबै प्रकारका छात्रवृत्तिं तथा प्रोत्साहन अनुदान यसै कार्यविधि बमोजिम भुक्तानी भएको मानिनेछ ।

३.छात्रवृत्तिं तथा प्रोत्साहन अनुदानका प्रतिवर्ष एक पटकका लागि मात्र पाउने छ । यदि कुनै विद्यार्थी अनुतिर्ण भई वा विविध कारणले सोही कक्षामा वा तहमा पुनः अध्ययन गर्दा छात्रवृत्तिं तथा प्रोत्साहन अनुदान दोह्रो पाउने छैन ।

<u>अनुसूची १</u>

दफा ५. को उपदफा ५.१ खण्ड (ख) बमोजिमको आवेदन फाराम

फोटो

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालय, चन्द्रनगर सर्लाही ।

विषय : छात्रवृत्ति/प्रोत्साहन अनुदान पाउँ बारे ।

प्रस्तुत विषयमा चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित सूचना अनुसार दलित तथा मुस्लिम छात्रवृत्ति/प्रोत्साहन अनुदानका लागि आफु योग्य भएको हुँदा यो निवेदन पेश गरेको छु ।

१. अध्ययन गरिरहेको संस्थाको नाम र ठेगाना:

२. अध्ययन गरिरहेको सङ्काय,तह र वर्ष :

३.व्यक्तिगत विवरण:

<table>
<tr><td rowspan="2">आवेदकको</td><td rowspan="2">नाम थर</td><td colspan="3">देवनागरीमा:</td><td rowspan="2">लिङ्ग:</td></tr>
<tr><td colspan="3">अंग्रेजीमा ठूलो अक्षर :</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td colspan="2">जिल्ला:</td><td colspan="2">गा.पा.</td><td>वडा नं.:</td></tr>
<tr><td colspan="2">टोल:</td><td colspan="2">घर नं.:</td><td>फोन नं.:</td></tr>
<tr><td colspan="5">पत्राचार गर्ने ठेगाना:</td><td>इमेल</td></tr>
<tr><td colspan="3">बाबुको नाम थर:</td><td colspan="3">आमाको नाम थर:</td></tr>
<tr><td colspan="3">बाजेको नाम थर:</td><td colspan="3">पति, पत्नीको नाम थर:</td></tr>
<tr><td rowspan="2">जन्म मिति ( साल,महिना र गते)</td><td colspan="3">वि.सं.मा:</td><td colspan="2">ई.सं.मा:</td></tr>
<tr><td colspan="5">बुबा आमाको पेशा :</td></tr>
</table>

४. योग्यता सम्बन्धी विवरण:

| क्र.स | अध्ययन गरेको संस्थाको नाम | उतीर्ण गरेको | | कूल प्राप्ताङ्क | प्रतिशत/ जि.पि.ए. | विषय क्षेत्र तथा समूह |
|---|---|---|---|---|---|---|
| | | तह/कक्षा | वर्ष | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५.आवेदन फारामका साथ संलग्न कागजातहरूको प्रतिलिपीमा स्वयं प्रमाणित/दस्तखत गरी थान ...............यसै साथ पेश गरेको छु ।

६. यस आवेदनमा उल्लेख गरिएका सम्पूर्ण विवरणहरू सत्य छन् । लेखिएको विवरण झुटो ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

आवेदकको नाम :

ठेगना :

हस्ताक्षर :

मिति : २०...................

अज्ञाले
जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत
चन्द्रनगर गाउँपालिका